# नेपाल सरकार

प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर

**<u>शुभकामना सन्देश</u>**

आज तामाङ समुदायको मौलिक सांस्कृतिक पर्व २८६० औं ङुक ल्हो (सोनाम ल्होछार) हो। तामाङ समुदायले नयाँ वर्षको रुपमा माघ शुक्ल प्रतिपदाका दिन हर्षोल्लासपूर्ण वातावरणमा यो पर्व मनाउँदै आएका छन्। हाम्रा सबै मौलिक पर्वहरु राष्ट्रिय चाड हुन्। सोनाम ल्होछार पनि हाम्रो राष्ट्रिय चाडका रुपमा हामीले मनाउने गरेका छौं। यस अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका तामाङ समुदायका साथै सम्पूर्ण नेपाली दाजुभाई-दिदिबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दिर्घायू एवम् उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवम् बहुसांस्कृतिक विविधतायुक्त हाम्रो समाजमा तामाङ समुदाय पनि एक महत्वपूर्ण अङ्ग हो। तामाङ समुदायमा मनाइने यस पर्वले हाम्रो धर्म, संस्कृति, रिती-रिवाज तथा परम्पराको सम्बर्द्धन एवम् संरक्षण गर्न महत्वपूर्ण योगदान गर्दछ भन्नेमा म विश्वस्त छु। विविधतामा एकता, सद्भाव र सामाजिक सहिष्णुता एवम् आपसमा बन्धुत्व विकासका लागि यस पर्वले हामीलाई उत्प्रेरित गरोस् भन्ने कामना गर्दै यस सन्दर्भमा पुनःएक पटक शुभकामना व्यक्त गर्दछु।

**२०८० माघ २७ गते, शनिबार।**

प्रदेश प्रमुखको कार्यालय
नेपाल सरकार
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

**यादवचन्द्र शर्मा**
**प्रदेश प्रमुख**